म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४० शनिबार ५ साउन २०८१ ने. सं. ११४४ दिल्लाथ्व 20 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयामा करेन्ट लागेर बम्जनको मृत्यु

हेटौंडा, ४ साउन/मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा करेन्ट लागेर घाइते भएका एक व्यक्तिको मृत्यु भएको छ । शुक्रबार दिउँस बकैया-४, स्थित माझीखोलामा रहेको नेपाल प्रेम चर्चको भवनमा वाइरिङ गर्ने क्रममा स्थानीयले ज्यान गुमाएको प्रहरीले जनाएको छ ।

बागमती गाउँपालिका-९ बेतेनी घर भएका २० वर्षीय रामराज बम्जनलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको मकवानपुर प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । घटनाको आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# मुख्यमन्त्री जम्कट्टेलको विपक्षमा मतदान गर्न कांग्रेस बागमतीको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ नेपाली कांग्रेस बागमती प्रदेशको कार्यसम्पादन समितिको शुक्रबार ललितपुरमा बसेको बैठकले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत नदिन सांसदहरुलाई निर्देशन दिएको छ ।

प्रदेश सम्पर्क कार्यालय, ललितपुरमा बसेको समितिको बैठकले जम्कट्टेललाई विश्वासको मत नदिने निर्णय गरेको हो । जम्कट्टेललाई विश्वासको मत नदिने निर्णयसँगै सांसदहरुलाई विपक्षमा मत हाल्न निर्देशनसमेत दिएको कांग्रेस बागमती प्रदेश समितिले जानकारी दिएको छ । मुख्यमन्त्री जम्कट्टेलले ६ साउनमा प्रदेशसभाबाट विश्वासको मत लिने तयारी गरेका छन् । उनलाई राप्रपाले पनि विश्वासको मत नदिने निर्णय गरिसकेको छ ।

कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको सभापतित्वमा बसेको बैठकले मुख्यमन्त्रीले लिने विश्वासको मतको विपक्षमा मतदान गर्न कांग्रेस बागमती प्रदेशसभा संसदीय दललाई निर्देशन दिने निर्णय गरेको प्रदेश कार्यालयका मुख्य सचिव राजु नेपालले जानकारी दिए । नेकपा एमालेले २४ असारमा सरकारलाई दिएको समर्थन फिर्ता लिँदै पाँचजना मन्त्रीले सामूहिक रुपमा राजीनामा दिएपछि अल्पमतमा परेका मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिन लागेका हुन् ।

माओवादी सांसदहरुकै अनुसार जम्कट्टेलले प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा दिन पनि सक्नेछन् । उनलाई सत्तासाझेदार दल नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टीले पनि राजीनामा दिएर आगामी सरकार गठनका लागि मार्ग प्रशस्त गर्न सुझाव दिएको बताइएको छ ।

### जम्कट्टेलको राजीनामा की विश्वासको मत ?

कांग्रेस र एमालेलाई नचाउँदै तीनपटक विश्वासको मत लिएर १८ महिना सरकारमा रहँदै बर्हिगमनतर्फ उन्मुख जम्कट्टेलले ६ साउनमा प्रदेशसभाबाट आगामी सरकारका लागि मार्गप्रशस्त गर्ने तयारी गरेका हुन् । तर, जम्कट्टेलले ६ साउनमा विश्वासको मत लिन्छन् की राजीनामा दिएर मुख्यमन्त्रीको कुर्सी छोड्छन भन्ने हालसम्म निश्चित छैन । 'मुख्यमन्त्रीज्यूले प्रदेशसभा फेस गर्नुहुने भएको छ । तर, विश्वासको मत लिन पनि सक्नुहुन्छ, प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा पनि दिनसक्नु हुन्छ । के गर्ने ? भनेर निक्यौंल भइसकेको छैन ।,' उनको सचिवालय स्रोतले भन्यो ।

जम्कट्टेलसँग विश्वासको मत लिने र राजीनामा दिएर बर्हिगमनको बाटो रोज्नुपर्ने दुई विकल्प मात्रै छन् । केन्द्रीय सत्तासमिकरण अनुसार विश्वासको मत उनको 'मनशान्ति' का लागि मात्रै सीमित हुनेछ । उनीसँग विश्वासको मत पाएर सरकार टिकाउने बहुमत सांसद छैनन् ।

प्रदेशसभामा बहुमतका लागि ५६ सांसदको समर्थन आवश्यक छ । उनको पक्षमा आफ्नै पार्टी माओवादी केन्द्रका २१, नेकपा (एकीकृत समाजवादी)का ७ र हाम्रो नेपाली पार्टीका दुई गरी ३० सांसद मात्रै छन् । आफ्नो पक्षमा बहुमत सांसद नहुँदानहुँदै राजीनामा नदिएर जम्कट्टेल विश्वासको मत लिन अगाडि बढेका हुन् ।



### पहिलोपटक सरकारको नेतृत्व गर्दै कांग्रेस

पछिल्लो सत्तासमिकरणको शीर्ष नेतृत्वमा बागमती प्रदेशको मुख्यमन्त्री कांग्रेसलाई भागबण्डामा परेको चर्चा छ । भागबण्डाअनुसार बागमती कांग्रेसले पाउँदा यहाँ पहिलोपटक सरकारको नेतृत्व गर्ने अबसरको सिर्जना हुनेछ ।

बागमती प्रदेशमा सात वर्षपछि पहिलोपटक कांग्रेसले नेतृत्व गर्ने अवसरमा पाउँदै गरेको हो । २९ माघ ०७४ मा पहिलोपटक तत्कालीन नेकपाका डोरमणि पौडेल मुख्यमन्त्री बनेका थिए ।

त्यसयता बागमतीले तीनजना मुख्यमन्त्री पाए पनि कांग्रेसले त्यो अवसर पाएको थिएन । यसपटक भने कांग्रेस र एमालेबीच बनेको सत्तासमीकरणले बागमतीमा कांग्रेसले नेतृत्व गर्ने अवसर पाउँदै छ ।

तर, कांग्रेसबाट को मुख्यमन्त्री बन्ने ? भन्ने विषय चासोका रुपमा हेरिएको छ । कांग्रेसबाट मुख्यमन्त्रीका रुपमा प्रदेश संसदीय दलका नेता बहादुरसिंह लामा र कांग्रेस बागमती प्रदेशसभापति ईन्द्रबहादुर बानियाँको नाम चर्चामा छ । कांग्रेस संसदीय दलको विधानमा दलकै नेताले सरकारको नेतृत्व गर्ने व्यवस्था छ । प्रदेशसभा संसदीय दलको विधानको दफा ६ को उपदफा १० मा 'पार्टीले प्रदेश सरकार गठन गरेको अवस्थामा संसदीय दलको नेताको हैसियतमा सरकारमा नेतृत्व प्रदान गर्ने' भन्ने उल्लेख छ । कांग्रेसले सरकार बनाउने अवस्था र संसदीय दलको विधान कार्यान्वयन गर्दा लामा मुख्यमन्त्रीका निर्विकल्प पात्र हुन् ।

तर, बागमतीमा कांग्रेसभित्र देखिएको पछिल्लो परिस्थिति र नेतृत्व परिवर्तन गर्नुपर्ने आवाजले दलका नेता लामालाई निर्विवाद मुख्यमन्त्री बन्न सहज नभएको पार्टीवृत्तमा चर्चा छ । प्रदेशसभाको अघिल्लो कार्यकालमा कांग्रेस संसदीय दलका नेतासमेत रहेका बानियाँलाई आगामी मुख्यन्त्रीका रुपमा हेरिएको थियो । त्यतिबेला नेता बानियाँको मुख्यमन्त्री हुने साइत जुरेन । यतिबेला मुख्यमन्त्रीको दाबी गर्दै दुवै नेताले बुढानीलकण्ठमा भेटघाटलाई तीव्रता दिएका छन् । बानियाँ र लामा दुवै पार्टी सभापति शेरबहादुर देउवा पक्षधरका हुन् ।

# एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र युनियन (क्रान्तिकारी) मनहरी गाउँपालिका समितिले २०८० सालको एसईई परीक्षामा गाउँपालिकाको विभिन्न विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई सम्मान गरेको छ ।

शुक्रबार बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मनहरी गाउँपालिकामा रहेका विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरिएको हो । कार्यक्रममा विद्यार्थीलाई सम्मान गर्दै सामाजिक विकास मन्त्री मोक्तानले विद्यार्थीहरु भविष्यको कर्णधार भएकोले अध्ययनमा विशेष ध्यान दिन आग्रह गरिन् । मन्त्री मोक्तानले समाजको सकारात्मक विकास गर्न विद्यार्थीको महत्वपूर्ण भूमिका हुने बताइन् ।

सम्मान कार्यक्रममा मनहरी गाउँपालिकाका विभिन्न विद्यालयबाट एसईई परीक्षामा सहभागी भई उत्कृष्ट नतिजा ल्याउने १ सय १२ जना विद्यार्थीलाई सम्मान गरिएको थियो । सम्मान कार्यक्रमका विशेष अतिथि नेकपा माओवादी



केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज बिजय गौतमले विद्यार्थीको उच्चशिक्षा अध्ययनका लागि यस्तो सम्मान कार्यक्रमले थप प्रेरणा मिल्ने बताए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला संयोजक भीम पाखिन, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, नेकपा माओवादी केन्द्र मकवानपुर सचिव बीरबहादुर घलान (ज्वाला), बागमती प्रदेश कमिटी सदस्य तथा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, जेष्ठ कम्युनिस्ट मञ्च केन्द्रीय सदस्य रामहरि सुबेदी, वडाअध्यक्ष राजकुमार पाखिन, प्रकाश थापा, अखिल (क्रान्तिकारी) बागमती प्रदेश कमिटी सचिव रामकृष्ण शिवाकोटी, अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य राजेन्द्र मोक्तान, अखिल (क्रान्तिकारी) मकवानपुर जिल्ला अध्यक्ष बुद्धराज अर्याल, उपाध्यक्ष दीपक वाइबा, सचिव छोइसाङ लामा, सहसचिव विजन लटौला, कोषाध्यक्ष अनिल बसेल, वाईसिएल हेटौंडा-५ का अध्यक्ष हरि ढकाल, अखिल क्रान्तिकारी जिल्ला सदस्य प्रचण्ड बैजु, पुष्पा सुनार, विशाल जिम्बा र आयुष ठकुरी लगायतको आतिथ्यता रहेको थियो । अखिल क्रान्तिकारी मनहरी गाउँ कमिटीका अध्यक्ष प्रकाश मिजारको अध्यक्षतामा कार्यक्रम भएको हो ।




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।


हाम्रा विशेषताहरूः



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा


प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google विज्ञान/प्रविधि

# गुगल क्रोम प्रयोग नगर्न आइफोन प्रयोगकर्तालाई एप्पलको आग्रह



सम्बन्धहरु जटिल हुन्छन् भन्ने कुरा त हामीलाई थाहै छ । तर कतिपय सम्बन्धहरु निकै धेरै जटिल हुन्छन् गुगल र एप्पलको जस्तै । पछिल्लो पटक एप्पलले गुगलमाथि गरेको विज्ञापन आक्रमण यसको उदाहरण हो । जहाँ एप्पलले आफ्ना १ अर्ब ४० करोड आइफोन प्रयोगकर्तालाई गुगल क्रोम प्रयोग नगर्न भनेको छ ।

वास्तवमा गुगल सफारी ब्राउजर प्रयोगकर्तालाई क्रोममा स्थानान्तरण गर्ने मिसनमा थियो । हाल गुगल र एप्पलबीच भएको वित्तीय सम्झौता अनुसार हाल सफारी ब्राउजरमा डिफल्ट सर्च इन्जिनको रुपमा गुगल रहेको छ । सोही अनुसार आइफोनका अधिकांस सर्च रिक्वेस्टहरुका लागि गुगल सफारीमा निर्भर छ । तर अमेरिका र युरोपमा भएको एकाधिकार सम्बन्धी अनुसन्धानले एप्पल र गुगलबीचको उल्लेखित सम्झौतामा रोक लगाउन सक्ने जोखिम छ । र, यसैबीचमा गुगलले प्लान बी अघि सार्दैछ।

करीब ३० प्रतिशत आइफोन प्रयोगकर्ताले मात्रै आफ्नो आइफोनमा क्रोम ब्राउजर इन्स्टल गरेका छन् जसलाई ५० प्रतिशत पुऱ्याउने लक्ष्य गुगलको छ । जस अनुसार थप ३० करोड आइफोन प्रयोगकर्ता गुगलको डेटा छानोभित्र समेटिनेछन् । तर एप्पल भने त्यसलाई रोक्ने ध्याउन्नमा छ ।

ती ३० करोड प्रयोगकर्ताबाट ठूलो परिमाणमा अनलाइन राजश्व सिर्जना हुनेछ । र, अन डिभाइस एआईको सुरुवातसँगै अनलाइन सर्चमा परिवर्तन भएको परिप्रेक्ष्यमा यो विषय आफैंमा राख्ने कि रुपान्तरण गर्ने भन्ने कुराको युद्धभूमि बन्नेछ ।

यही क्रममा एप्पलले एउटा संदेहास्पद विज्ञापनिक भिडियो शेयर गरेको छ, जसमा अन्य ब्राउजरहरुले प्रयोगकर्ताका डिजिटल गतिविधिमा निगरानी राख्दछन् भन्ने कुरा देखाइएको छ । साथै त्यसमा सफारी ब्राउजर कति सुरक्षित छ र वेबसाइटहरु ट्र्याकिङ हुँदैन भन्ने कुरामा समेत जोड दिइएको छ । उक्त विज्ञापनपछि क्रोम र सफारीबीचको विवाद सतहमा आएको छ र गुगलले एक विज्ञप्ती जारी गरेको छ ।

एप्पलले क्रोमको विषयमा दुई मुख्य विषयलाई हाइलाइट गरेको छ । पहिलो, क्रोम ब्राउजरले निरन्तर रुपमा थर्ड पार्टी कुकीका लागि अनुमति माग गर्दछ र यसले हजारौं वेबसाइटलाई प्रयोगकर्ताका हरेक अनलाइन गतिविधि ट्र्याक गर्ने सुविधा दिन्छ ।

दोश्रो, गुगलले दाबी गरेजस्तो क्रोमको इन्कग्निटो ब्राउजर प्राइभेट अर्थात् पूर्ण रुपमा गोपनीय छैन । यही कुरालाई एप्पलले आफ्नो विज्ञापनमा जोड दिएको छ र सफारी ब्राउजर सुरक्षित भएको बताएको छ ।

स्वास्थ्य

# गर्भनिरोधक चक्कीले डिप्रेसन गराउँछ ?



विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार विश्वभर १० करोडभन्दा बढी महिलाले गर्भ निरोधक चक्की प्रयोग गर्छन् । सन् १९६० को दशकमा गर्भनिरोधक चक्की प्रयोगमा आएको थियो । यो चक्की प्रयोगमा आएदेखि फाइदाका साथै विभिन्न साइड-इफेक्ट पनि देखिएका छन् ।

जसमध्ये डिप्रेसन पनि प्रमुख रहेको विभिन्न अध्ययनले देखाएका छन् । गत वर्ष इपिडिमियोलोजी एन्ड साइक्याट्रिक साइन्सेसमा प्रकाशित एक अध्ययनअनुसार किशोरावस्थादेखि गर्भनिरोधक चक्की प्रयोग गर्नेहरूमा डिप्रेसनको जोखिम १३० प्रतिशत र वयस्कबाट प्रयोग गर्नेमा ७३ प्रतिशत रहन्छ ।

विशेषगरी दुई वर्षसम्म सो भन्दा बढी दैनिक प्रयोग गर्ने महिलामा सो समस्या देखिन सक्छ । उक्त अध्ययन लण्डनको बायोबैंकबाट दुई लाख ६४ हजार महिलामा गरिएको थियो । जसबाट कहिले पनि प्रयोग नगर्ने महिलाको तुलनामा दुई वर्षसम्म प्रयोग गर्नेहरूमा डिप्रेसन हुने जोखिम उच्च रहने अध्ययनको निष्कर्ष थियो । तर यसको कारणबारे भने स्पष्ट रुपमा नआइसकेको र थप अध्ययन आवश्यक रहेको अध्ययनकर्ताहरूले बताएका छन् ।

सो अध्ययनका अनुसन्धानकर्ता थेरेज जोहन्सन भन्छन्, 'गर्भ निरोधक चक्की महिलाको लागि फाइदाजनक छ, जसमा कुनै शंका छैन । तर यसको साइड-इफेक्टको रुपमा देखिने डिप्रेसनको बारेमा पनि प्रयोगकर्ताहरु सचेत हुन आवश्यक छ ।'

उनका अनुसार पहिले भएका अध्ययन र हालै भएको अध्ययनले पनि साइड-इफेक्टको रुपमा डिप्रेसन हुने देखाएको छ । यसै सन्दर्भमा डेनमार्कमा भएको एक अध्ययनले भने गर्भनिरोधक चक्की र डिप्रेसनबीचको सम्बन्ध त्यति गम्भीर नभएको देखाउँछ ।

एबरडीन विश्वविद्यालयका प्राइमरी केयरका प्राध्यापक फिल हन्नाफोर्डका अनुसार गर्भनिरोधक चक्की र डिप्रेसनबीच कम प्रभाव छ ।

गर्भनिरोधक चक्की प्रयोग नगर्ने प्रत्येक १०० महिलामध्ये १.७ जना महिला प्रत्येक वर्ष डिप्रेसनबाट ग्रस्त हुने र गर्भनिरोधक चक्की प्रयोग गर्ने प्रत्येक १०० महिलामध्ये २.२ जना महिला डिप्रेसनबाट ग्रस्त हुने उनको भनाइ छ ।

थप प्रष्ट पार्दै प्रा. डा. हन्नाफोर्डले भन्छन्, 'प्रत्येक सयमा २.२ हुनु भनेको त्यस्तो ठूलो कारण होइन । औषधि प्रयोग गर्ने महिलामा डिप्रेसन देखिनु अन्य कारण हुनसक्छ । जस्तै, महिलाको पार्टनरसँग सम्बन्ध टुट्यो वा दिनहुँ जस्तो झैझगडा भएमा पनि डिप्रेसन हुनसक्छ ।'

तर यससम्बन्धी भएका जति पनि अध्ययन छन् । ती अध्ययनले लामो समयसम्म प्रयोग गर्दा गर्भनिरोधक चक्कीले डिप्रेसन हुनसक्छ भने पनि के कारणले हुन्छ भनेर ठोस प्रमाण पेस गरिसकेका छैनन् ।

**के भन्छन् चिकित्सक ?**

यता प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. कीर्तिपाल सुवेदी भने यस्ता औषधिहरूले साइड इफेक्टको रुपमा डिप्रेसन गराउन सक्ने बताउँछन् । 'यी औषधिमा प्रोजेस्टोरोन र एस्ट्रोजेन हर्मोन हुन्छ । जसले शरीरमा हर्मोनल परिवर्तन गर्छ । दुईमध्ये प्रोजेस्टोरोन नामक हर्मोनले डिप्रेसन गराउन सक्छ,' उनी भन्छन् ।

यसो भन्दैमा सबैलाई खानेबित्तिकै डिप्रेसन हुन्छ भन्न नसकिने उनी बताउँछन् । 'खानेबित्तिकै डिप्रेसन हुँदैन । तर लगातार यो औषधि खाँदा मुड परिवर्तन हुनसक्छ । जसले भावुक गराउने, उदासी ल्याउने हुनसक्छ । लगातार उदास भइरहने र दिमागले अनावश्यक सोचिरहने हो भने पक्कै पनि डिप्रेसन हुनसक्छ,' डा. सुवेदी भन्छन् ।

यदि पहिले डिप्रेसनबाट गुज्रिरहेको वा परिवारमा कसैलाई डिप्रेसन भएकी महिलालाई पछि गएर यी गर्भनिरोधक चक्की प्रयोग गर्दा डिप्रेसनको सम्भावना रहने उनी बताउँछन् । त्यस्तो अवस्थामा महिलाको मानसिक स्वास्थ्य अवस्था बुझेर मात्र गर्भनिरोधक चक्की सुझाउनुपर्छ । यदि डिप्रेसनको लक्षण देखिएको अनुभव हुन्छ भने तुरुन्त औषधि खान बन्द गरी चिकित्सकलाई देखाउनुपर्छ ।

'सुरुको तीन महिना गर्भनिरोधक चक्की दिएर त्यसपछि डिप्रेसनका लक्षण देखिए त्यो औषधि तत्काल बन्द गरी अन्य विकल्प पनि दिने अभ्यास छ,' डा. सुवेदी भन्छन्, 'जहाँसम्म यी चक्कीबारे भएका अध्ययन छन् । यसले डिप्रेसन गराउन सक्ने उल्लेख गरेपनि यस सम्बन्धित ठोस कारण र यही अवस्थामा हुन्छ भनेर किटान गरिसकेको छैन ।'

प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. उपमा कार्की पनि धेरै लामो समयसम्म गर्भनिरोधक चक्की खाँदा महिलामा हर्मोनको असन्तुलन भएकै कारण डिप्रेसन हुनसक्ने बताउँछिन् । डिप्रेसन मात्र नभएर यसले रगत जमाउनेदेखि पाठेघरको क्यान्सरको जोखिम समेत गराउने हुँदा लगातार वर्षौंसम्म यस्ता चक्की सेवन नगर्न उनको सुझाव छ ।

यद्यपि, कहिलेकाहीं खाँदा यसले खासै असर नपर्ने डा. कार्की बताउँछिन् ।

# साहित्य

कविता

## कोपिला



✍ एन्जल थापा

*कक्षा : ९, नवोदय शिशु सदन*

कोपिला फुल्यो वनमा हेर सानोमा मासियो
कति छ हेर सपना उसको मनमा भासियो
खुसी छिन् हेर बर्खैरै साथी खुलेकी पुतली
सपना बोकी मुसुक्क हाँसी प्यारी सुन्दरी

वसन्त ऋतु आएमा वन हरियो बनाई
डरले खोली आफ्नो आँखा नभमा हराई
धर्तीमा उनी फुलेकी रानी सपना सझाउन
रमाई उनी अब यो चाहिँ धर्तीमा रमाउन

वनको परी एक्लै भई एकान्तमा बसी
पुतली बनी उनको साथी रमाइ रमाइ
पातले बेरी उनको साझी मायाले समाई
रङ्गीन फुल सझाइ वन गगनको

फूलले सोची जीवनमा उनी आउँदैन कसरत
वनमा आई सानी रानी खेल्दै रमाइ
सानीले चाहिँ विपन थाली वनको सुन्दरी
फूलले आफ्नो आँखाको आँसु तपतप झराइ

कथा

## गुरुको उल्टी



✍ आयुष लामा

*कक्षा १०, नवोदय शिशु सदन*

एक दिन युवा पृथ्वीनारायण शाह आफ्नो राज्य घुमिरहेका थिए । उनी गोरखाका जेठा राजकुमार र गोरखा राज्यका भावी राजा थे । घुम्दै गर्दा उनले एउटा ठाउँ पत्ता लगाए । त्यो के हो भनेर खोज्न गए र ध्यान गरिरहेको गुरु भेटे। युवा पृथ्वीनारायण शाह उनको नजिक पुग्दा, गुरुले उनको आँखा खोले । गुरुले आँखा खोलेको देखेर पृथ्वीनारायण शाहले सोधे, "तपाईं को हो ?"

यो सुनेर गुरुले जवाफ दिए, "म को हुँ केही फरक पर्दैन, मलाई भोक लागेको छ, जाउ र मलाई दही ल्याउ" पृथ्वीनारायण शाहलाई गुरुले भनेजस्तै गर्ने निर्णय गरे। उनी दौडिएर दरबारमा गए र आमालाई दही बनाउन भने । दही तयार भइसकेपछि उनले गुरुकहाँ दही ल्याए । उनले भने, "मैलेतपाईंलाई दही ल्याइदिएको छु ।"

गुरुले जवाफ दिए, "ठीक छ धन्यवाद"। यसो भन्दै गुरुले दही खान थाले । गुरुले दही खाँदै गर्दा पृथ्वीनारायण शाहले सोधे, "अबतपाईं को हुनुहुन्छ भन्न सक्नुहुन्छ ?"

गुरुले दही खाइसकेपछि भने, "म गुरु हुँ र तपाईंले मलाई खाना खुवाउनु भएकाले म तपाईंलाई आशीर्वाद दिनेछु"। केही समयपछि गुरुले पृथ्वीनारायण शाहको हातमा दही उल्टी गरे। हातमा उल्टी लागेपछि पृथ्वीनारायण शाहलाई रिस उठ्यो र बान्ता उल्टै गुरुको खुट्टामा फ्याँकी दिए ।

यो देखेर गुरुले भने, "मुर्ख बालक, यदि तिमीले मेरो बान्ता खाएको भए तिम्रो कुनै पनि इच्छा पूरा हुने थियो तर तिमीले मेरो खुट्टामा फ्याँकिदिएपछि तिमी हिँड्ने जुनसुकै ठाउँ पनि जित्छौ तर तिम्रो राज्यमा१० जनाराजा मात्र टिक्छन् ।" यो सुनेर पृथ्वीनारायण शाहले त्यस ठाउँ छाडे । पछि गुरुले भनेजस्तै पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गरे तर शाह राज्य १० राजा मात्र टिक्यो। यसले गुरुको वचनलाई प्रमाणित गर्छ ।

कविता

## जीवन



✍ सचिन कुमार यादव

*कक्षा-१०, नवोदय शिशु सदन*

जीवन हाम्रो बगेको नदी रोकेर रोकिन्न
गन्तव्य चुम्ने लक्ष्य छ हाम्रो छेकेर छेकिन्न

विचार हाम्रो रुखको पात अल्झेर झर्दछ
मान्छेको जीवन यस्तै हो साथी एकदिन मर्दछ

जीवनमा हाम्रो दु:ख र सुख चलिनै रहन्छ
जीवनमा धन कमाए पनि रित्तै हात मरिन्छ

रहेछ झुटो माया र सपना हाम्रो जीवनको
बुझ न साथी प्रयास गरे चुम्ने छौं गन्तव्य हाम्रो

रिस र राग यो जीवनमा आफ्नै साथीप्रति
देख्न सक्दैन मान्छेले जसले गर्दछ प्रगति

## गजल

✍ डिल्लीप्रसाद अधिकारी

पिरतीको बाँध फुट्यो थुनेको छु मैले
एउटा माला निशानीको उनेको छु मैले ।।

सजिलो छ जिन्दगानी तिमी छँदा ऐले
मेरा सबै बेहोसीलाई गुनेको छु मैले ।।

अझैसम्म रून्चे हाँसो भावनाका जरा
धेरै सपनाका कुरा चुनेको छु मैले ।।

लम्किएर पर हेर्दा धुवै धुवाँ देखिन्छ नि
मैलो धुस्रो लुगालाई तुनेको छु मैले ।।

आउने माघ जाडो होला भयभित हुँदै
बाक्लो गन्जी तिम्रालागि बुनेको छु मैले ।।

अझै नजिक अझै वर तिमीलाई सर भन्छु
राम्री भनी तिमीलाई चुनेको छु मैले ।।

सिरानी खै कस्तो नरम, ठूलो स्वप्न देख्ने
निन्द्रा हराएको कथा सुनेको छु मैले ।।

## गजल



✍ चिरञ्जीवी दाहाल

भोकमरीमा छिमेकीले अन्न दिन्न भन्छ
महाकाली बगर हाम्रो भन्न दिन्न भन्छ

पालैपालो बोलाएर पठाउँछ कान फुकी
स्थायी सरकार मरेपनि बन्न दिन्न भन्छ

डुबाइ दिन्छ बर्खायाममा बाँध थुनेर बेसी
पानी फाल्ने निकास पनि खन्न दिन्न भन्छ

बहर बाच्छा जस्तै दाउँछ नोकर बनाएर
काममा जोताएर ज्याला टन्न दिन्न भन्छ

जाती धर्म साक्षरता गणनाको कार्य गर्दा
बाटो छेक्छ जनसंख्या गन्न दिन्न भन्छ

## गजल



✍ राजु 'हिमांशु'

धेरै भयो सताउने तनाउ बोकेको
बेसरी मन दुखाउने घाउ बोकेको


मैले त खै उन्नति नै गर्नु भएन
देख्दछु डाह लडाउने दाउ बोकेको


जान्ने छन् धेरै मान्ने छैनन् कोही
रहेछन् सबै गुरुको नाउँ बोकेको

ढाँटहरूको खेल नै भएछ राजनीति
दादागिरीको सिङ्गो गाउँ बोकेको

अब कति हेर्छस् भन् त 'हिमांशु'
अपठनले तेरो ज्ञानी ठाउँ बोकेको

## चित्रकला





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

## वुमन्स एसिया कप :

# सम्भनाको सम्भिरहने इनिङ्स्

काठमाडौं/वुमन्स एसिया कपमा यूएईलाई ६ विकेटले हराउँदै नेपाललाई ऐतिहासिक जित हात पार्दा ओपनर सम्भना खड्काले अविजित ७२ रनको उत्कृष्ट इनिङ्स् खेलिन् । सन् २०१२ देखि वुमन्स एसिया कप खेल्न थालेको नेपाल हालसम्म जितविहीन थियो । सम्भानाको उनको उत्कृष्ट प्रदर्शनमा नवौं खेलमा पहिलो जित हात पार्न सफल भयो नेपाल ।

श्रीलंकाको डाम्बूलामा टस हारेर ब्याटिङको निम्तो पाएको यूएईले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ११५ रन बनाएको थियो । नेपालले हालसम्म टी-२० आईमा ११० भन्दामाथिको योगफल पूरा गरेको थिएन । त्यसैले जित्नेमा शंका थियो ।




तर सम्भनाको सानदार ब्याटिङमा नेपालले मात्रै १६.१ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो । सुरुवातदेखि नै आक्रामक क्रिकेट, कमजोर बललाई बाउन्ड्री, मैदानमा धैर्यता, जिम्मेवारी र खेल सकाएर मात्रै फर्किनु उनका ब्याटिङका आर्कषण थिए । ४५ बलको सामाना गरेकी उनले ११ चौका हानिन् ।

उनले यसअघि मध्यक्रममा खेल्दै आएकी थिइन् । पहिलो पटक ओपनिङमा आएकी उनी नयाँ भूमिकामा पूर्ण सफल भइन् । तीव्र गतिकी बलर समिरा धर्निधर्कालाई पहिलो ओभरको दोस्रो र पाँचौं बलमा चौका हान्दै सुरुवात गरिन् । तेस्रो ओभरमा समिरालाई पुन: दुई चौका हानिन् । उनी आक्रामक बन्दा अर्को एण्डबाट खाता खोल्न अनुभवी ब्याटर सीता रानामगरलाई ९ बल लागेको थियो ।

नेपालले सुरुवाती ३ ओभरमा ३० रन बनाउँदा २० रन सम्भना र बाँकी १० अतिरिक्त पाएको थियो । नेपालले सुरुवातमा जस्तो सुरुवात चाहेको थियो, सम्भनाले त्यस्तै सफलता दिलाइन् । उनले कुनै पनि समय यूएईलाई खेलमा हाबी हुन दिइनन् । यो कीसिमको सुरुवात नेपाली महिला क्रिकेटमा विरलै देखिन्छ ।

छैटौं ओभरको पहिलो बलमा सीता ७ रनमा क्याच हुँदा नेपाल ३९-१ को अवस्थामा थियो । सातौं ओभरको सुरुवाती दुई बलमा सम्भनाले स्पिनर वैष्णवे महेशलाई स्क्वायर लेगमा दुई सुन्दर चौका हानेकी थिइन् । दशौं ओभरमा आएकी स्पिनर ईशा ओभ्फालाई उनले सुरुवाती दुई बलमा दुई चौका हानेकी थिइन् । स्क्वायर लेगमा लगातार बाउन्ड्रीका साथ टोलीको जित सहज बनाइन् ।

सुरुवाती १० ओभरमा नेपालले २ विकेट गुमाउँदै ६६ रन बनायो । सम्भना २६ बलमा ८ चौकासहित ४३ रनमा क्रिजमा थिइन् । एक समय उनलाई नेपालबाट महिला टी-२० आईमा सर्वाधिक छिटो अर्धशतक प्रहार गर्ने कीर्तिमान बनाउने अवसर थियो । त्यसको लागि उनले बाँकी ६ बलमा ६ रन जोड्नुपर्दथ्यो । तर उनले अर्धशतक बनाउने नाममा खराब सट खेलिनन् ।

१२औं ओभरको पहिलो बलमा इन्दु बर्मा १० रनमा आउट हुन पुगिन् । सम्हालिएर क्रिजमा रहेकी सम्भनाले १३औं ओभरको पाँचौं बलमा ३५ बलमा अर्धशतक प्रहार पुार गरिन् । लगत्तै १४ औं ओभरको तेस्रो बलमा रुविना १० रनमा क्याच आउट हुन पुगिन् । तीन अनुभवी सीता, इन्दु र रुविना आउट भइसकेकाले खेल सकाएर आउनु पर्ने थियो, सम्भनाले त्यही गरिन् ।

१७ औं ओभरको पहिलो बलमा ईशा ओभ्फालाई स्क्वायर लेगमा विजयी चौका प्रहार गरिन् । ६६ प्रतिशतक कन्ट्रोलमा हानेकी उनले सुरुवातको पहिलो र अन्त्य आफैं गरिन् । 'देशलाई गौरवान्वित गर्ने मौका पाएकोमा म धेरै खुसी छु । म सबैलाई धन्यावाद दिन चाहन्छु', खेलपछि भावुक हुँदै सम्भनाले भनिन् ।

सम्भनाले दिलाएको जित कति ठूलो थियो भन्ने अरु सिनियर खेलाडीमा देखिएको खुसीले प्रष्ट बोल्यो । जब चौका हान्दै उनले खेल सकाइन्, डगआउटमा रहेका खेलाडीहरु दौडिएर क्रिजमा पुगे । उनीहरु सम्भनालाई अंगालो मार्न तछाडमछाड गरिरहेका थिए । उनीहरु सबैको आँखामा हर्षको आँशु थियो ।

'जितपछिको क्षण भन्नै नसकिने थियो । म भन्दा पनि सिनियर खेलाडीहरु बढी भावुक थिए । आँखाबाट आँशु आइराखेको थियो' सम्भनाले संचारकर्मीसँग भनिन्, 'त्यो देख्दा मैले गर्व गर्न लायक गरेछु जस्तो लाग्यो ।'

### को हुन् सम्भना खड्का ?

बभ्फाङमा जन्मिएकी २५ वर्षीया सम्भनाले बाल्यकालमा दाइहरुसँग क्रिकेट खेल्ने गर्दथिन् । रमाइलोलाई क्रिकेट खेल्ने उनलाई विस्तारै यही खेलको लत बस्यो ।

१५/१६ वर्षको उमेरबाट भने क्रिकेटमा ट्रेनिङ गर्न थालिन् । पहिलो पटक उनी २०७१ तिर यू-१९ राष्ट्रिय प्रतियोगिता पनि खेलिन् । सुदूरपश्चिमबाट सुरुवातमा घरेलु क्रिकेट खेलेकी उनको प्रदर्शन त्यति राम्रो भएन । २०२१ मा दाङको लमहीमा भएको प्रधानमन्त्री कपमा उनले २ खेलमा ४ रन बनाएकी थिइन् । २०२२ मा धनगढीको फाप्लामा भएको प्रधानमन्त्री कपमा पनि उनको ब्याटबाट राम्रो प्रदर्शन हुन सकेन ।

### बिर्सनलायक मध्यक्रम

तर २०२२ अक्टोबरमा नवौं राष्ट्रिय खेलकुदमा नेपाल पुलिस क्लबले कोशी र सुदूरपश्चिम प्रदेशका खेलाडीहरु लिएर पहिलो पटक टिम निर्माण गऱ्यो । रुविनाको कप्तानीमा बनेको टोलीमा सम्भाना पनि अटाइन् । अनि, पोखरामा भएको नवौं राष्ट्रिय प्रतियोगिता नै उनको करिअरको ट्र्निङ प्वाइन्ट बन्यो ।

नवौं राष्ट्रिय प्रतियोगितामा पुलिसलाई स्वर्ण जिताउन महत्वपूर्ण भूमिका खेलेकी सम्भना ५ खेलमा १३५ रन बनाउँदै सर्वाधिक रन बनाउने ब्याटर बनेकी थिइन् । त्यही प्रदर्शनले उनलाई २०२३ मेमा नेपाली राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा पुऱ्यायो । पाँच खेलको सिरिज अन्तर्गत बागींमा मे २९ मा भएको खेलमा नेपालले सम्भनालाई डेब्यू गरायो ।

नेपाल ५० रनमा अल आउट हुँदा सम्भनाले २५ बलमा टोलीको सर्वाधिक १३ रन बनाएकी थिइन् । पाँच खेलको सिरिजमा उनी १३, २, ८ र ० मात्रै बनाउन सकिन् । पहिलो पटक अन्तर्राष्ट्रिय क्रिकेट खेलेकी उनको प्रदर्शन अपेक्षा अनुसार हुन सकेन ।

अगष्ट २२ मा हङकडविरुद्ध अविजित ३६ रन बनाइन् । तर त्यसपछि दोहोरो अंकमा रन बनाउन सकिनन् । टी-२० आईमा मध्यक्रममा यसअघि ब्याटिङ गरेका ११ इनिङ्स्मा क्रमश : १३, २, ८, ०, ३६, १, २, ०, ०, ० र १ रनमा आउट भएकी थिइन् । उनले यसअघि नेपालबाट खेलेका ११ खेलमा मात्रै ६३ रन बनाएकी थिइन् ।

सिनियर क्रिकेटमा उनको प्रदर्शन सम्भन लायक रहेन । तर उनले हिम्मत हारिनन् ।

प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगिता २०२४ को सुरुवातमा ९ खेलमा १५० रन बनाउँदै लय समाउन खोजेकी थिइन् । सबै खेलमा सुरुवात पाएपनि ठूलो इनिङ्स् खेल्न सकिनन् । तर मे मा ललितपुर मेयर्स च्याम्पियसिपमा सुदूरपश्चिमबाट ओपनिङ गर्दै बागमतीविरुद्ध ४७ बलमा १० चौकासहित ७४ रनको इनिङ्स् खेल्दै प्लेयर अफ द म्याच चुनिएकी थिइन् ।

त्यसअघि ललितपर मेयर्स कपमा कोशीविरुद्ध तेस्रो नम्बरमा ब्याटिङ गर्दै ५४ रन बनाएकी थिइन् । ५ खेलमा २ अर्धशतक सहित १५६ रन बनाएपछि नेपाली टोलीमा फर्किएकी थिइन् । नेपालको टोलीमा भएका ओपनर काजोल श्रेष्ठ र विन्दु रावल दुवै सुस्त गतीमा खेल्ने हुँदा ओपनिङमा ल्याएको थियो ।

प्रशिक्षको त्यो निर्णयलाई उनले सही साबित गरेकी छन् । महिला टोलीका सहायक प्रशिक्षक रिजन प्रजु टोलीले दिएको भूमिका अनुसार खेलेको बताउँछन् । 'बाउन्ड्री ठूलो हुँदा हाम्रो लक्ष्य सिंगल डबलमा ध्यान थियो । योजना अनुसार नै उनलाई ओपनिङ ल्याएका थियौं' रिजनले भने, 'उनले टोलीको दिएको भूमिका अनुसार खेलिन् ।'

नेपालकी पूर्वकप्तान निरा राजोपाध्यायका अनुसार नेपालको समस्या सुरुदेखि नै दबेर खेल्ने थियो । तर सम्भनाले सुरुवातदेखि नै आक्रामक खेलेको भन्दै उनले भनिन्, 'उनले जिम्मेवारी लिँदै सुरुदेखि अन्तिमसम्म मैले नै खेल सकाउँछु भनेर खेलिन् ।'

अब नेपालले आइतबार पाकिस्तान र मंगलबार भारतसँग खेल्नेछ । प्लेयर अफ दि म्याच बनेकी सम्भना भन्छिन्, 'आजको इनिङ्स्ले मेरो मनोबल बढेको छ । भारत र पाकिस्तानसँग यसरी नै खेल्छु भनेर सोच छ ।'

(स्रोत: अनलाइनखबर)

# बोर्ड अध्यक्षको हैसियतमा विदेश भ्रमण गर्नेमा भुवनको 'रेकर्ड'

काठमाडौं/अभिनेता भुवन केसी चलचित्र विकास बोर्डको अध्यक्ष पदमा नियुक्त भएको यही साउन ९ गते २ वर्ष पूरा हुँदैछ । र, यही मितिबाट उनी विदा हुँदैछन् । बोर्ड अध्यक्ष नियुक्त भएपछि उनले पटक-पटक एउटा कुरा भन्दै आएका थिए, 'म जागिर खान आएको होइन ।' तर, उनको कार्यकाल हेर्ने हो भने जागिर खानबाहेक अरु उपलब्धि नै देखिएको छैन । बरु विवादमा उनले 'रेकर्ड' कायम गरे ।




विवादित कम्पनीलाई दुबईमा फेस्टिभल गर्न दिएको विषय होस् या राष्ट्रिय चलचित्र पुरस्कार मा प्रमुख विधा नै गायब बनाएर अवार्ड वितरण गरिएको विषय होस्, २ वर्षे कार्यकालमा उनको नाममा यस्ता थुप्रै विवादहरु छन् । बोर्डबाट विदा हुँदै गर्दा फिल्म क्षेत्रको नामाकरण गर्न खोजेको प्रयासले पनि उनको कार्यकाललाई बोर्डकै इतिहासमा सबैभन्दा बढी विवादित बनाउन ठूलो मद्दत गऱ्यो ।

उनले आफ्नो कार्यकालमा विवादमा 'रेकर्ड' मात्र बनाएनन्, विदेशी भ्रमण गर्नेमा पनि 'रेकर्ड' बनेको छ । २ वर्षको अवधिमा उनले बोर्ड अध्यक्षको हैसियतमा मात्र ६ पटक विदेश भ्रमण गरेको भेटिन्छ । कहिले अवार्डको नाममा त कहिले फेस्टिभलको नाममा । बोर्डकै खर्चमा फिल्म फेस्टिभल आयोजना गर्न समेत भुवनले विदेशी भूमि रोजेका थिए । यसले पनि उनको विदेश मोह दर्शाउँछ ।

२०७९ फागुनमा बोर्डको आयोजनामा दुबईमा गरिएको 'सिनेमा फेस्ट' भुवनले अध्यक्षको हैसियतमा सहभागिता जनाएको सम्भवत: पहिलो विदेश यात्रा थियो । यसपछि उनी २०८० साउनमा प्रेमिका जिया केसी तथा छोरा अनमोल केसी (अभिनेता)को साथमा छैठौं 'ग्लोबल नेपाली फिल्म अवार्ड'मा सहभागी हुनलाई अमेरिका पुगेका थिए । 'सिनेमा फेस्ट'मा पनि जिया र अनमोल सहभागी थिए ।

२०८० मंसिरमा भारतको गोवामा आयोजित 'फिल्म बजार'मा पनि भुवनले बोर्ड अध्यक्षाको हैसियतमा उपस्थिति जनाए । गत जेठमा एउटा भारतीय अवार्डका लागि उनी फेरि भारत पुगेका थिए । तर, उनको यो भ्रमण अध्यक्षको हैसियतमा नभइ सेलिब्रेटीको रुपमा थियो । त्यस्तै, २०८० असोजमा एउटा उद्घाटनका लागि उनी अध्यक्षको रुपमा जियालाई साथमा लिएर माल्टा समेत पुगेका थिए ।

२०८० माघमा डेल्फिक काउन्सिलले बेलायतमा आयोजना गरेको एक अन्तरक्रिया कार्यक्रममा पनि भुवन सहभागी भए । अब बोर्ड अध्यक्षाको रुपमा उनी अन्तिमपटक एक फिल्म फेस्टिभलमा सहभागी हुन बिहीबार लण्डन पुगेका छन् । नेपाल फर्किंदा भने उनी पूर्व अध्यक्ष भइसक्नेछन् । यसरी हेर्दा भुवनको कार्यकाल नै विदेश भ्रमणमय भएको देखिन्छ । तर, काम भने प्राय: विवादित रहे ।

# 'सक्किगोनि' टिमले घोषणा गऱ्यो 'लाज शरणम्', को-को छन् कलाकार ?




काठमाडौं/हाँस्य टेलि श्रृंखलामा सफलता हासिल गरेपछि फिल्म निर्माणमा आउने कलाकारहरुको समुह बढ्दो छ । मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यबाट सुरु भएको यो श्रृंखला दीपकराज गिरी र दीपाश्री निरौला हुँदै अब 'सक्किगोनि'का कुमार कट्टेल र अर्जुन घिमिरेसम्म आइपुगेको छ । यो समुहले शुक्रबार एक कार्यक्रमका बीच पहिलो फिल्मको रुपमा 'लाज शरणम्'को औपचारिक घोषणा गऱ्यो ।

गत फागुनमा पोस्टरमार्फत् फिल्मको नाम सार्वजनिक गरिएको थियो । तर, निर्देशकसहित कलाकार हरुको नाम खुलाइएको थिएन । शुक्रबार घोषणा कार्यक्रममा कुमार कट्टेल (जिग्री)ले फिल्मको निर्देशन गर्ने जानकारी गराइयो । यसमा उनी स्वयंको लेखन छ । कुमारले यसअघि 'भद्रगोल' र अहिले 'सक्किगोनि'मा पनि अभिनयसहित लेखन र निर्देशनको जिम्मेवारी सम्हाल्दै आइरहेका छन् ।

महाशिवरात्रीको दिन पारेर आगामी फागुन १४ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्ममा 'सक्किगोनि' टेलिश्रृंखलाबाट अर्जुन घिमिरे (पाँडे), सागर लम्साल (बले), कमलमणि नेपाल (खुपीका बाउ) छन् भने अन्य कलाकारहरुमा मुकुन्द श्रेष्ठ, विजय बराल र माला लिम्बू छन् । कुमारको भने अभिनय रहने वा नरहने तय छैन । यद्यपि, उनको केमियो भूमिका हुनसक्ने सम्भावना प्रवल छ ।

सुदीप बरालको छायांकन रहने फिल्मको निर्मातामा नविन श्रेष्ठ र सह-निर्मातामा नरेश शाह छन् । आगामी भदौपछि छायांकन हुन लागेको फिल्मले समसामयिक विषय उठाउनेछ । फिल्मको घोषणा कार्यक्रममा मिडिया हबका सञ्चालक सोम धितालालाई समेत सम्मान गरिएको थियो । कार्यक्रममा हरिवंश आचार्य, दीपाश्री निरौला, केदार घिमिरे लगायतका थुप्रै कलाकारहरु उपस्थित थिए ।

# बालेनले संवाद नगर्दा न्यूरोडमा देखिएको डर

काठमाडौं/न्यूरोड क्षेत्रका स्थानीयबासी तथा व्यवसायीहरूले फुटपाथ विस्तारमा अवरोध गरेका छन् । उच्च अदालत, पाटनले फुटपाथ विस्तार गर्न बाटो खोलिदिएपछि काठमाडौं महानगर पालिकाले बुधबारदेखि न्यूरोड क्षेत्रमा काम थालेको थियो । तर शुक्रबार बिहानैदेखि स्थानीय विरोधमा उभिए । स्थानीयको चाहना विपरीत बल प्रयोग गरेर फुटपाथ विस्तारको काम थालेको भन्दै उनीहरूले अवरोध गरेका हुन् ।

स्थानीयबासी तथा व्यवसायीको विरोधमा महानगरपालिकाका-२२ नम्बरका वडाध्यक्ष चिनकाजी महर्जन समेत सहभागी थिए । मेयरविरुद्ध नाराबाजी गर्दै न्यूरोडमा प्रदर्शन गर्दा केहीबेर नगर प्रहरीसँग धक्लोधक्लेको स्थिति भएको थियो ।

दिउँसोसम्म सडक नछाडेका उनीहरूले सडक खन्न ल्याएको डोजर चलाउनै दिएनन् । अपराह्न महानगरले डोजर चलाउने पुन: प्रयास गर्दा स्थानीयबासीसँगै २२ का वडाध्यक्ष महर्जन आफैं डोजरमाथि नै चढेर विरोध गरेका छन् ।

### किन भइरहेको विरोध ?

महानगरका अनुसार फुटपाथ विस्तार गर्न अघिल्लो आर्थिक वर्षमै विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) गरेर आरोग्य साइटेक जेभीलाई ठेक्का लगाइएको थियो । तर सडक विभागले सहमति नदिएकाले लामो समय काम सुरु हुन सकेन ।

१२ जेठमा महानगरले फुटपाथ विस्तारका लागि सडक खाऱ्यो । तर केहीबेरमै सडक विभागको टोली आएर अनुमति नलिइ सडक काट्न थालेको काम रोक्यो । यसलाई लिएर महानगर र सडक विभागबीच आरोप प्रत्यारोप भयो । महानगरका वडाध्यक्षहरूले समेत साथ नदिएपछि काठमाडौंका मेयर बालेन सडक विभागविरुद्ध उच्च अदालत गए । ३० असारमा उनकै पक्षमा आदेश आयो, मुद्दाको अन्तिम टुंगो नलागेसम्म फुटपाथ विस्तार रोक्न सडक विभागले महानगरलाई लेखेको पत्र कार्यान्वयन नगर्नू ।

अदालतले बाटो खोलेको तेस्रो दिन २ साउनमा महानगरले फेरि फुटपाथ विस्तारको काम थाल्यो । तर बिहीबार स्थानीयबासी र व्यवसायीहरू फेरि विरोधमा उत्रिए । त्यही प्रदर्शनमा भेटिएका न्युरोड धर्मपथका चन्द्र महर्जन भन्छन्, 'हाम्रो विरोध विकासको होइन, विकासको नाममा स्थानीयको उठीबास लगाउन खोज्ने कदमको विरोध हो ।'

प्रदर्शनमा भेटिएका केहीले वैशाख २०७९ को स्थानीय चुनावका बेला बालेनलाई मत दिएको मात्र होइन, उनको पक्षमा प्रचार नै गरेको दाबी गर्छन् । उनीहरू अहिले पनि न्यूरोडको कतिपय ठाउँमा फुटपाथ विस्तार आवश्यक भएको मान्छन् । तर मेयर बालेन शाहले स्थानीयबासीसँग संवाद नै नगरी बलपूर्वक फुटपाथ विस्तार गर्न खोजेकाले साथ दिन नसकेको बताउँछन् ।

'हामी यो क्षेत्रमा बालेनलाई मत माग्नै हिँड्यौं । बाहिरको मान्छेको बोकेको भन्दै आफ्नै मान्छेले गाली गर्दा पनि समर्थन छोडेनौं' एक सहभागीले भने, 'यहाँको विषयमा निर्णय गर्दा स्थानीयसँग नै सल्लाह नगरेपछि विरोधमा उत्रिन बाध्य भयौं ।'

उनले न्यूरोडको फुटपाथ विस्तारमा स्थानीयको राय लिन मेयर बालेनलाई आग्रह समेत गरे । 'हामी बालेनसँग शान्त वातावरणमा छलफल गर्न तयार छौं' नाम उल्लेख गर्न नचाहने उनले भने, 'स्थानीयको कुरा सुन्नुपऱ्यो, रक्सौलको टाँगा जस्तो एकोहोरो लागेर भएन । यहाँ केही ठाउँमा फुटपाथ सानो भएको सत्य हो, तर सबै ठाउँमा होइन । त्यो त उहाँले बुभ्फनुपऱ्यो नि !'

स्थानीय शैलजा श्रेष्ठ पनि स्थानीयले अपनत्व खोजेको बताउँछिन् । 'हाम्रो घरको अगाडि डोजर चलाउँदा हामीसँग सल्लाह गर्नुपर्छ नि ! हाम्रो ठाउँ हो, हामीलाई पेलेर काम गर्छु भन्न मिल्छ त ?' उनले भनिन्, 'कमसेकम सल्लाह गरौं, त्यसपछि यो कारणले फुटपाथ हट्छ, यो कारणले हट्दैन भन्ने त आउँछ नि !'

तर मेयरले आफूहरूसँग मात्र होइन, वडाका जनप्रतिनिधिसँग समेत संवाद नगरेको स्थानीयको गुनासो छ । न्यूरोड क्षेत्र वडा नम्बर २२ र २४ मा पर्छ । २२ का वडाध्यक्ष महर्जनले फुटपाथ विस्तारमा निरन्तर प्रश्न उठाउँदै आएका छन् ।

१८ जेठमा बसेको महानगरको कार्यपालिका बैठकमा समेत उनले विरोध गरेका थिए । त्यसक्रममा केहीबेर मेयर बालेन र वडाध्यक्ष महर्जनबीच सवाल जवाफ समेत भयो । त्यसबेला महानगरका वडाध्यक्ष नविन मानन्धरले फुटपाथ विस्तारबारे समिति गठन गर्ने प्रस्ताव राखेपछि विवाद रोकिएको थियो ।

(स्रोत: अनलाइनखबर)

# विपक्षमा बस्दा पनि प्रचण्डले खोजे रविको साथ

काठमाडौं/माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड जबजब अठ्यारोमा पर्छन्, मोर्चा बनाइहाल्छन् । संविधान निर्माणका क्रममा २०७० मा कांग्रेस र एमाले मिलेपछि प्रचण्डले ३२ दलीय मोर्चा बनाएका थिए ।

यो पटक पनि अहिले एमाले त कहिले कांग्रेसको समर्थनमा सरकार चलाइरहँदा समाजवादी मोर्चा बनाए । संसदको अंक गणित आफ्नो प्रतिकूल नहोस् भनेर बनाएको मोर्चामा माओवादी (३२), जसपा (१२) र एकीकृत समाजवादी (१०) र विप्लव नेतृत्वको नेकपा संलग्न मोर्चासँग ५४ सांसद भए, जसले गर्दा कांग्रेस र एमाले नै नमिल्दासम्म प्रचण्ड निर्णायक जस्तै बने ।

१७ असारमा कांग्रेस र एमालेले वैकल्पिक सरकार गठनको सहमति गरेसँगै प्रचण्ड अठ्यारोमा परे । २८ असारमा पदमुक्त भएका उनले फेरि समाजवादी मोर्चालाई सक्रिय बनाउन खोजेका छन् । तर आफू सरकारमा हुँदा दल फुटाउन भूमिका खेलेको भनेर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव आएनन् ।

त्यसैले हिजो सरकारमा सँगै भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को साथ खोजेका छन् । शुक्रबार प्रचण्डले माओवादी संसदीय दलको कार्यालय, सिंहदरबारमा रास्वपा र एकीकृत समाजवादीका शीर्ष नेताहरुसँग छलफल गरेका हुन् ।

रास्वपा सभापति रवि लामिछाने र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायतका नेताहरु सहभागी बैठकमा प्रचण्डले विपक्षीहरु मिल्नुपर्नेमा जोड दिए । एक नेताका अनुसार उनले विपक्षमा रहेका दलहरु एक नहुँदा आउनेसम्म जोखिम, अनि मिल्दा आउन अवसर पनि दुबै सुनाएका छन्

'ठूला दलहरु मिलेका छन् । यिनीहरु किन मिलेका छन् भनेर जनतालाई भन्ने र सरकार हरेक गलत कमदविरुद्ध प्रतिरोध गर्ने अवसर पनि हो' उनले भने ।

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## सूची दर्ता सम्बन्धी सूचना

यस आयोजनाको लागि आ.व. २०८१/०८२ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गर्न ईच्छुक इजाजत प्राप्त फर्म, संस्ता तथा कम्पनीहरुबाट आफूले आपूर्ति गर्ने सामान तथा सेवाको विवरण स्पष्ट उल्लेख गरी नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता नम्बर (PAN) दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को कर चुक्ताको प्रतिलिपि संलग्न राखी श्रावण महिनाभित्र यस आयोजनामा आईपुग्ने गरी रितपूर्वकको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस आयोजनामा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

**तपसिल** :-

१. केमिकल एण्ड डिटरजेन्ट्स सामानहरु ।
२. प्याकिङ्ग सम्बन्धी सामानहरु ।
३. अफिस सामान तथा फर्निचर र फर्निसिंग सामानहरु ।
४. छपाई तथा मसलन्द सम्बन्धी सामानहरु ।
५. भवन निर्माण तथा मर्मत कार्य ।
६. मोटर स्पेयर पार्टस तथा मेशिनरी स्पेयर पार्टसहरु ।
७. विभिन्न किसिमका लुब्रिकेन्टसहरु ।
८. ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक्स सामानहरु ।
९. हार्डवेयर, सेनेटरी तथा निर्माण सामाग्रीहरु ।
१०. मेशिनरी मर्मत सम्बन्धी कार्य ।
११. सवारी साधन मर्मत सम्भार सम्बन्धी कार्यहरु ।
१२. टायर टियुब तथा ब्याट्री ।
१३. दाउरा ।

दुग्ध विकास संस्थान
**हेटौंडा दुग्ध वितरण आयोजना**
हेटौंडा औद्योगिक क्षेत्र, हेटौंडा ।
फोन नं.- ०५७-४१२०८४

# पालुङ बहुउद्देसीय सहकारीमा बित्तीय साक्षरता

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ पालुङ बहुउद्देश्यीय सहकारीमा आवद्ध शेयर सदस्यका लागि वित्तीय साक्षरता कक्षा संचालन गरिएको छ । सहकारीले बित्तीय ज्ञानसीप प्रदान गरी आर्थिक उन्नति गर्दै वित्तीय स्वतन्त्रतातर्फ शेयर सदस्यलाई अग्रसर गराउने हेतुले बज्रवाराही सेवाकेन्द्र अन्तर्गतका महिला समूहका पदाधिकारी तथा सदस्यका लागि वित्तीय साक्षरता तालिम बज्रबारहीमा भएको हो ।



वित्तीय साक्षरताको परिचय, महत्व र आवश्यकता, वित्तीय योजना, आवश्यकता र चाहना, खर्चको वर्गीकरण तथा अभिलेकिरण एवम् विश्लेषण, पारिवारिक वजेट, बचत, ऋण तथा, बचत योजना, वित्तीय संस्थाको चिनारी एवम् छनोट, उद्यमशीलता विकास र जोखिम तथा जोखिम न्यूनीकरणका उपाय जस्ता विषयमा सहजीकरण गरिएको थियो । तालिममा सहकारी संस्थाका कार्यसमितिका सदस्य एवम् वडा न ६,९ र १० भित्र रहेक आयआर्जन समूहका महिला तथा पुरुष सदस्यको उपस्थिति थियो ।

तालिमको उद्घाटन संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्टको अध्यक्षता तथा संस्थाका पूर्वउपाध्यक्ष एबम् जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीको प्रमुख आतिथ्यमा भएको हो । संस्थाका उपाध्यक्ष अरुण रायमाझीले तालिमको उद्देश्यमाथि प्रकाश पार्दै सहकारीको मर्मअनुसार सबै जना अगाडि बढेको खण्डमा सफलता मिल्ने बताए । प्रमुखअतिथि कार्कीले सहकारीले वित्तीय साक्षरताका विषयलाई गम्भिरतापूर्वक आफ्ना सदस्यमाझ लैजानका लागि अनुरोध गरे । तीनखम्वे अर्थनीति अन्तर्गत सहकारीक्षेत्र पनि एक भएको र ग्रामीणक्षेत्रमा सवै प्रकारका समुदायको पहुँच सहकारीमा रहने हुनाले अर्थतन्त्रको विकास एवम् विस्तार र सदस्यको आर्थिक सम्बृद्धिमा सहकारीको अहम भूमिका रहने विचार कार्कीले ब्यक्त गरे ।

संस्थाका सहव्यवस्थापक रामप्रसाद ढकालले सहजीकरण गरेको वित्तीय साक्षरता कार्यक्रमलाई संस्थाका सचिव नवराज बिष्टले संचालन गरेका थिए । एक सय भन्दा बढी महिला सदस्यको सहभागिता रहेको कार्यक्रममा संस्थाका कार्यसमिति सदस्यहरु, लेखासमिति संयोजक कालीचरण बस्नेत, व्यवस्थापक प्रकाश पौडेल, लेखा समिति सदस्यहरु, नेकपा एमाले जिल्ला सदस्य हरिबहादुर गोपाली लगायत संस्थाका कर्मचारीको उपस्थिति रहेको थियो ।

# हेटौंडाबाट गोरुसहित ट्रक प्रहरीको नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ मकवानपुर प्रहरीले हेटौंडा उपमहानगरपालिका-११, थानाभञ्याङबाट शुक्रबार दिउँस गोरुसहित ट्रक नियन्त्रणमा लिएको छ ।

दिउँसो १२ बजेको समयमा स्थानीय भान्जा वर्कशप भित्र राखेको अवस्थामा १८ वटा गोरु र ट्रकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरी नायवउपरीक्षक भण्डारीका अनुसार, मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना ७ ख ६६६८ नं को ट्रकमा गोरुलोड गरी आउँदै गरेको भन्ने सूचनाको आधारमा राजमार्गमा खटिएको प्रहरी टोलीले गोरु र ट्रकलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले ट्रकचालक मनहरी गाउँपालिका-५, बसन्तपुर बस्ने ३० वर्षीय अनिल बयलकोटीलाई नियन्त्रणमा लिएको छ । प्रहरीको नियन्त्रणमा रहेको गोरु, ट्रक र ट्रकचालकलाई आवश्यक अनुसन्धानका साथै कानूनी कारबाहीको लागि पशु क्वारेनटाईन कार्यालय पथलैया पठाएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए । राजमार्गमा अबैधरुपमा गाइगोरु पैठारी गर्ने कार्य बिगतमा रोकिएको थियो ।

# सिमपानीमा बन्दैछ बुद्धको अग्लो मूर्ति

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ मकवानपुरको मनहरी गाउँपालिका-८ सिमपानीमा नेपालकै सबैभन्दा अग्लो बुद्ध मूर्ति निर्माणाधीन अवस्थामा रहेको छ । ६५ फिट अग्लो मूर्ति स्थानीय धार्मिक पर्यटन प्रवर्द्धनको उद्देश्यले निर्माण गरिँदैछ ।



टासी फुन्छोक छ्योलिङ गुम्बाको अगुवाईमा सिमपानी देवकोट सामुदायिक वनको चिहानडाँडा क्षेत्रमा यस परियोजना अघि बढाइएको हो । मूर्तिका साथै अष्टमाङ्गल र ध्यानकेन्द्र समेत निर्माण गर्ने योजना रहेको जनाइएको । गुम्बाका गुरु सुल्ठिम लामा थोकरका अनुसार यो परियोजनाको कुल लागत अनुमान करिब ४ करोड रुपैयाँ रहेको छ । उनले १० वर्षभित्र सम्पूर्ण निर्माण कार्य सक्ने लक्ष्य राखिएको जानकारी दिए ।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले परियोजनालाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । हालसम्म गाउँपालिकाले ६६ लाख रुपैयाँ बजेट विनियोजन गरिसकेको छ । वडाअध्यक्ष नारायण उप्रेतीले यस क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने योजना रहेको बताए । उनका अनुसार चिहानडाँडालाई एकीकृत शवदाहस्थल र पार्कसहितको धार्मिक संरचनाको रुपमा विकास गरिने भएकोछ ।

निर्माणाधीन बुद्ध मूर्ति पूर्व-पश्चिम राजमार्गबाट र मनहरीको रमनटारदेखि ज्यामिरेबाट सहजै देख्न सकिने बताइएको छ । यो परियोजनाले स्थानीय बौद्ध धर्मावलम्बीहरुको सम्मान गर्नुका साथै यो क्षेत्रको पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# प्याब्सनद्वारा एसईईमा उत्कृष्ट २५७ विद्यार्थीलाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) मकवानपुरले एसईई २०८० मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विषयगत शिक्षकलाई सम्मान गरेको छ ।

शुक्रबार हेटौंडामा एक कार्यक्रमको आयोजना गरेर प्याब्सन मकवानपुरले जिल्लामा रहेका ३६ वटा संस्थागत विद्यालयका २५७ जना विद्यार्थीलाई सम्मान गरेको हो । प्याब्सनले सम्मान गरेका विद्यार्थीले एसइइ परीक्षामा ३.६ भन्दामाथि जिपिए हासिल गरेको मकवानपुरका अध्यक्ष बिनोद सुवेदीले जानकारी दिए ।

कार्यक्रममा जिल्लामै ४ जिपिए प्राप्त गरेर सर्वोत्कृष्ट हुन सफल बालजागृति बोर्डिङ स्कुलकी रीतिका छत्कुली र ३.९५ जिपिए ल्याई छात्रतर्फ उत्कृष्ट हुन सफल लखीन्द्र मुखिया विनलाई विशेष सम्मान प्रदान गरिएको अध्यक्ष सुवेदीले बताए । प्याब्सन मकवानपुरका अध्यक्ष सुवेदीले समग्र देशमा एसईईको नतिजा कमजोर रहेको अवस्थामा पनि मकवानपुरको नतिजा सन्तोषजनक रहेको बताए ।

जिल्ला प्रथम रीतिका हेटौंडा-२ मा रहेको बालजागृति इंग्लिस बोर्डिङ स्कुल र लखीन्द्र थाहा नगरपालिका बज्रबाराहीमा रहेको सरस्वती विद्यामन्दिर इङ्लिस बोर्डिङ स्कूलबाट एसइइमा सहभागी भएका थिए । यस्तै ३.६ जिपिएमाथि ल्याएर सम्मानित हुनेहरुमा बालजागृति बोर्डिङका ३४, आधुनिक राष्ट्रिय माविका ३०, नवोदय शिशुसदनका २२, भुटानदेवी माविका १५, ज्ञानदीप माविका १५, ज्ञानोदय बालबाटिकाका ९ जना छन् ।

कार्यक्रमकी प्रमुख अथिति हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले समग्र जिल्लामै एसइइको नजिता सुखद नरहेको भन्दै चिन्ता व्यक्त गरिन् । उनले शिक्षाको सुधारका लागि सर्वपक्षीय पहल आवश्यक रहेकोमा जोड दिइन् । स्थानीय सरकारले शिक्षामा सुधारका योजनासहित अगाडि बढिरहेको बताउँदै उनले सबैलाई हातेमालो गरेर अगाडि बढ्न आग्रह गरिन् । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख दिनानाथ गौतमलगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सहभागीले विद्यार्थीलाई क्याम्पस छनोट गर्दा आफ्नो योग्यता र रुचि अनुसार रोज्न सुझाव दिएका थिए । मकवानपुरबाट गत वर्षको एसइई परीक्षामा ५,७५२ जना विद्यार्थी सहभागी भएकोमा २,०९८ जना मात्र उत्तीर्ण भएका थिए । जीपीए ३.६ देखि ४ सम्म हासिल गर्ने २५८ जना रहेका छन् भने ३.२ देखि ३.६ हासिल गर्ने ५९२ जना छन् ।

# हेटौंडा अस्पतालमा 'औषधि दानपत्र' कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ हेटौंडा अस्पतालले शुक्रबारदेखि 'औषधि दानपत्र' कार्यक्रम संचालनमा ल्याएको छ । यस कार्यक्रम अन्तर्गत इच्छुक व्यक्तिले आफूसँग भएको वा किनेर ल्याएको औषधि दान गर्न सक्नेछन् ।

अस्पतालका अनुसार, विशेषगरी अस्पतालबाट डिस्चार्ज हुँदा बाँकी रहेका औषधिहरु दान गर्न सकिनेछ । स्वास्थ्यबीमा गरेका बिरामीको उपचारमा प्रयोगमा नआएका र बचेका औषधिहरु, जुन काउण्टरमा फिर्ता गर्न मिल्दैन, त्यस्ता औषधिहरु दान गर्न अस्पतालले विशेष आग्रह गरेको छ । अस्पतालका मेसु श्रीधर अर्यालका अनुसार, 'बीमा अन्तर्गत १० रुपैयाँको औषधि दान गर्दा, त्यसले अर्को गरिब बिरामीलाई १०० रुपैयाँ बराबरको फाइदा पुऱ्याउन सक्छ ।,'

संकलित सबै औषधिहरु आर्थिक रुपमा कमजोर बिरामीको नि:शुल्क उपचारमा प्रयोग गरिने अस्पतालले जनाएको छ । यस पहलले गरिब तथा आर्थिक रुपमा कमजोर बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । अस्पतालले सबै नागरिकलाई यस मानवीय कार्यमा सहभागी हुन आह्वान गरेको छ ।

# खेतको आलीबाट लडेर वृद्धको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ हेटौंडामा शुक्रबार बिहानमा खेतको आलीबाट लडेर एक वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका-१८, हर्नाफाँट बस्ने ७१ वर्षीय प्रेमबहादुर तुमसिङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरी नायवउपरीक्षक भण्डारीका अनुसार, बिहान ११ बजेको समयमा आफ्नो घरदेखि करिव ५०० मिटर पूर्वतर्फ छिमेकीको खेतको आलीबाट लडेर उनको मृत्यु भएको हो । उनको घटनास्थलमा नै मृत्यु भएको थियो । घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ ।

# हेटौंडा घर भएका सहचालकले त्रीशुलीमा हाम फाले

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ हेटौंडा घर भएका ट्रकका सहचालकले त्रीशूली नदीमा हाम फालेर बेपत्ता भएका छन् । शुक्रबार बिहान पृथ्वीराजमार्ग अन्तरगत धादिङको जवाङ्खोलामा ट्रकका सहचालक हेटौंडा घर भएका अन्दाजी ३२ वर्षीय वीरबहादुर योन्जन त्रिशुली नदीमा हाम फालेर बेपता भएको प्रहरीले जनाएको छ ।

घटना कसरी र किन भयो भन्ने कुरा प्रहरीले अनुसन्धान गरिरहेको र बेपत्ता सहचालकको खोजी कार्य भइरहेको जनाइएको छ ।

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरु**

**विज्ञान संकायतर्फ**
क. भौतिक विज्ञान (Physics)
ख. रसायन विज्ञान (Chemistry)
ग. जिव विज्ञान (Biology)
घ. कम्प्युटर विज्ञान (Computer)

**शिक्षाशास्त्र तर्फ**
क. अंग्रेजी (English)
ख. नेपाली (Nepali)
ग. गणित (Math)

**व्यवस्थापन तर्फ**
क. विजनेस स्टडिज (Business studies)
ख. अर्थशास्त्र (Economics)
ग. गणित (Basic Math)

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरु:**
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाईं प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

"मकवानपुरको शिक्षामा शान, गुणस्तरीय शिक्षा भुटनदेवीको पहिचान"

**श्री भुटनदेवी माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

SEE नतिजा २०८० मा शैक्षिक गुणस्तरमा जिल्लामै प्रथम स्थान हासिल गर्न सफल भुटनदेवी मा.वि.मा साइन्स, कमर्स र CTEVT मा भर्ना खुल्यो ।

**कक्षा ११ मा भर्ना खुल्यो !**

मकवानपुर जिल्लाको उत्कृष्ट शैक्षिक धरोहर एवम् प्रसिद्ध शैक्षणिक केन्द्र भुटनदेवी मा.वि. मा शैक्षिक सत्र २०८९ का लागि कक्षा ११ मा साइन्स, कमर्स, सिभिल इन्जिनियरिङ् र CTEVT अन्तर्गतको ३ बर्षे सिभिल इन्जिनियरिङ विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं ।

**हाम्रा आकर्षणहरु**
- शैक्षिक सत्र २०८० को SEE परीक्षामा सामुदायिक विद्यालयतर्फ जिल्लामै उत्कृष्ट हुन सफल भएको,
- यस विद्यालयमा अध्यापन गर्ने सबै शिक्षकहरूले आफ्ना बाबुनानीहरूलाई आफ्नै विद्यालयमा भर्ना गरी शैक्षिक गुणस्तर अझ माथि उठाउन क्रियाशील भएको अतिरिक्त तथा सहक्रियाकलापसहित सस्तो, सुलभ र गुणस्तरीय शिक्षाको प्रतिबद्धता भएको,
- विद्यार्थीको चाहना बमोजिम कक्षा ११ मा कम्प्युटर साइन्स विषय पनि पढाइ हुने,
- अत्याधुनिक साइन्स ल्याब, कम्प्युटर ल्याब र सुविधा सम्पन्न पुस्तकालय भएको,
- SEE परीक्षामा ३.२१ र सोभन्दा माथि जिपिए ल्याउने विद्यार्थीलाई पूर्ण छात्रवृत्ति, जिपिए २.४१ देखि ३.२ सम्म ल्याउनेलाई भर्ना र मासिक शुल्कमा ५० प्रतिशत छात्रवृत्ति तथा जिपिए १.६ देखि २.४ सम्म ल्याउनेलाई २५ प्रतिशत मासिक शुल्कमा छात्रवृत्तिको व्यवस्था भएको,
- आर्थिक रुपमा अति विपन्न र जेहेनदार विद्यार्थीलाई केही विशेष सुविधा भएको भर्ना फारम धमाधम वितरण भैरहेको छ ।
- साइन्स र कमर्सको कक्षा संचालन श्रावण १३ गतेदेखि हुने
- कक्षा ११ सिभिलको भर्ना फारम भर्ने समय २०८१ असार ३१ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण २ गते बिहान ११:०० बजे
- CTEVT इन्जिनियरिङ्गको भर्ना फारम भर्ने समय २०८१ श्रावण १३ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण १९ गते दिउँसो १:०० बजे

**थप जानकारीका लागि :**
**मोबाइल नम्बर :** ९८४५४५९८०५, ९८४५२८६८३०, ९८४९७३६१२२

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरु**
- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रु.१५००/-

**कार्यक्रमहरु**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना